# गैंडाकोट राजपत्र

खण्ड :०८ संख्या : ०१ मिति :- २०८२/०४/२९

## भाग - ०२

## गैंडाकोट नगरपालिका

नेपालको संविधान बमोजिम गैंडाकोट नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

"गैंडाकोट नगरपालिका भूमि तथा जग्गा प्रशासन शाखा अन्तर्गत कार्यरत कर्मचारीहरुको फिल्ड भत्ता सम्बन्धी कार्यविधी, २०८२"

प्रमाणीकरण मिति -: २०८२/०४/२९

**<u>प्रस्तावना:</u>**

यस नगरपालिका भूमि शाखा अन्तर्गत भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको जग्गा नाप जाँचमा खटिने कर्मचारीहरुको मनोबल तथा उत्प्रेरणा अभिवृद्धि गर्न प्रत्सोहान स्वरुप प्रदान गर्ने भत्ता सम्बन्धमा यस गैंडाकोट नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरि गैंडाकोट नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ।

**१. सक्षिप्त नाम र प्रारम्भः**

१) यस कार्यविधिको नाम "गैंडाकोट नगरपालिका भूमि तथा जग्गा प्रशासन शाखा अन्तर्गत कार्यरत कर्मचारीहरुको फिल्ड भत्ता सम्बन्धी कार्यविधी, २०८२" रहेको छ।

२) यो कार्यविधी नगरकार्यपालिकाको बैठकबाट स्वीकृत भएको मिति देखी लागु हुनेछ।

**२. परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,

क) "नगरपालिका" भन्नाले गैंडाकोट नगरपालिकालाई सम्झनु पर्दछ।

ख) "कार्यालय" भन्नाले गैंडाकोट नगरपालिका नगरकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

ग) "कार्यापालिका" भन्नाले गैंडाकोट नगरपालिका नगरकार्यपालिका सम्झनु पर्दछ।

घ) "कार्यविधी" भन्नाले गैंडाकोट नगरपालिका भूमि तथा जग्गा प्रशासन शाखा अन्तर्गत कार्यरत कर्मचारीहरुको फिल्ड भत्ता सम्बन्धी कार्यविधी, २०८२ सम्झनु पर्दछ।

ङ) "कर्मचारी" भन्नाले भूमि तथा जग्गा प्रशासन शाखा अन्तर्गत कार्यरत स्थायी र करार सेवा तर्फका कार्यारत प्राविधिक एवं प्रशासनीक कर्मचारी सम्झनु पर्दछ।

**३. फिल्ड भत्ता प्राप्त गर्ने आधारः**

१) यस कार्याविधि बमोजिमको भत्ता प्राप्त गर्न सम्बन्धित कर्मचारीले मासिक रुपमा कार्यालयमा हाजिर भई काम गरेको हुनुपर्नेछ।

२) भत्ता प्रदान गर्ने प्रयोजनको लागि प्राविधिक एवं प्रशासनीक कर्मचारीहरुले मासिक रुपमा काम गरेको विवरण शाखा प्रमुखले तयार गरि प्रशासन मार्फत पेश गर्नु पर्दछ।

३) उपदफा १) बमोजिम काम गरेका कर्मचारीहरु र उपदफा २) बमोजिम पेश गरेको विवरण स्वीकृत भएपश्चात कर्मचारीले दैनिक ५०० को दरले एकमुष्ट मासिक फिल्ड भत्ता प्राप्त गर्नेछन।

**४. भुक्तानी विधिः** २०८२ साल श्रावण १ गते देखी दफा ३ बमोजिमका कर्मचारीहरुको तलबमा थप फिल्ड भत्ता समावेश गरि मासिक रुपमा कार्यालयले उपलब्ध गराउनेछ।

**५. कार्यविधिको ब्याख्याः** यो कार्यविधिको व्याख्या गर्ने अधिकार कार्यापालिकामा निहित रहनेछ।

**६. थपघट तथा हेरफेरः** आवश्यकता, प्राथमिकता एंव सन्दर्भलाई समेत मध्यनजत गरि कार्यपालिकाले प्रचलित कानूनसंग नबाझिने गरि यस कार्यविधिमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ।

आज्ञाले,
झविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत